# जापानिज इन्सेफलाइटिस (JAPANESE ENCIPHALITIS)



जापानिज इन्सेफलाइटिसबाट
आफू पनि बचौं र अरुलाई पनि बचाऔं

## परिचय

जापानिज इन्सेफलाइटिस एक सरुवा रोग हो जनु क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट सर्छ । यी लामखुट्टेले संक्रमित घोडा, सुंगुर, बंगुर, हाँसजन्सा पशुपन्छीलाई टोकेपछि तिनै लामखुट्टेले मानिसलाई टोकेमा मानिसमा जापानिज इन्सेफलाइटिस रोग सर्दछ । यसरी मानिसलाई टोकेपछि जीवाणुले मस्तिष्कमा असर पुऱ्याउँछ अनि धेरै ज्वरो आउने, बेहोस हुनेजस्ता लक्षणहरु देखिन्छन् । यो रोग लागेपछि बिरामीलाई पक्षाघात हुने, अपाङ्ग हुने र अन्त्यमा मृत्युसमेत हुनसक्दछ ।

## रोग लाग्ने कारणहरू

यो रोग फ्लेभी भाइरसको संक्रमबाट लाग्ने गर्दछ । संक्रमित लामखुट्टेको टोकाइ नै यो रोग लाग्नको मुख्य कारण हो । संक्रमित सुँगुर, बंगुर हाँसलाई टोकेर संक्रमित भएको क्युलेक्स जातको पोटी लामखुट्टेले मानिसलाई टोक्दा यो रोग लाग्छ ।

## रोगका लक्षणहरू

जापानिज इन्सेफलाइटिस लागेमा निम्न लक्षणहरु देखिन्छन् ।

- बेस्सरी टाउको दुख्ने
- धेरै ज्वरो आउने
- बान्ता हुने
- बेहोस हुने
- घाँटी अररो (कडा) हुने
- कम्पन हुने
- पक्षाघात हुने
- रोग ज्यादै कडा भएमा बिरामीको मृत्युसमेत हुन्छ ।

## बच्ने उपायहरू

- लामखुट्टेको नियन्त्रण गर्नु तथा लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने मुख्य उपाय हो ।
- लामखुट्टेको नियन्त्रणका लागि घरपरिवार, सार्वजनिक स्थल वा पानी जम्ने खाल्डाखुल्डी परिदिनु पर्दछ ।
- बढी प्रभावित हुने १५ दिन बर्षमुनिका बालबालिकाहरुलाई यस रोगविरुद्ध खोप दिनु पर्दछ । तर, सबै उमेरका मानिसले यो रोगविरुद्ध खोप लिनु पर्दछ ।
- पानी जम्ने ठाउँमा कीटनाशक विषाढि छर्ने वा मट्टितेल, मोबिल आदि हाल्नु पर्दछ ।
- सुँगुर, बँगुर, हाँस, घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने र सम्भव भएसम्म सुँगुर, बंगुरलाई यस रोगविरुद्धको खोप दिनुपर्दछ ।
- पशुपन्छीको खोर मानिस बस्ने घरभन्दा टाढा राख्नु पर्दछ ।
- सम्भव भएसम्म घर तथा सुंगुर, बंगुरको खोर झ्याल ढोकामा मसिनो जाली राख्नु पर्दछ ।
- घरवरिपरि सधैं सफा राख्नु पर्दछ ।
- खेतबारीमा हिँड्दा पूरा बाहुला भएको कपडा लगाएर हिँड्नु पर्दछ ।

पर्दछ । झ्यालढोकामा जाली हाल्नु पर्दछ ।

- लामखुट्टे भगाउने धुप तथा मल्हमको प्रयोग गर्नु पर्दछ ।
- घरबाहिर सुत्नु हुँदैन ।
- साँझपख बाहिर निस्कँदा पूरा बाहुला भएका लुगा तथा सुरुवाल लगाउनु पर्दछ ।
- ढल खुल्ला राख्नु हुदैन किनकी यसबाट लामखुट्टेको बृद्धि हुन्छ ।
- साँझ र बिहानीपख खेतबारीमा सकेसम्म जानु हुँदैन, जानुपरेमा पूरै शरीर ढाक्ने कपडा लगाएरमात्र जानु पर्दछ ।

यो रोगको कुनै पनि लक्षण देख्नासाथ बिरामीलाई जतिसक्दो चाँडो नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लगि उपचार गराउनु पर्छ । यसो गर्दा बिरामीलाई अपाङ्ग हुनबाट र मृत्यु हुनबाट बचाउन सकिन्छ । बिरामीको राम्रोसँग स्याहारसुसार गर्नुपर्छ ।

## रोगको उपचारका लागि सम्पर्क गर्ने स्थान

- क्षेत्रीय अस्पताल
- अञ्चल अस्पताला
- जिल्ला अस्पताल
- प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकी

AMDA-Nepal
आम्दा-नेपाल
पो.ब.नं.: ८९०९, जोरपाटी-४, काठमाडौं
फोन नं.: ४४८७२३५/४४७७१४०
फ्याक्स: +९७७-०१-४४७७१४१
इ-मेल: amda@healthnet.org.np
वेभ: www.amda.org.np